# Thems of Jitauri Katha Sangraha

Mukunda Prasad Sharma

Assistant-Professor

Mid-west University, Musikot Khalanga Multiple Campus Rukum (West)

https://orcid.org/0009-0003-8159-2502

**Article History**

Received 11th July, 2024 | Revised 16Th July, 2024 | Accepted 15th August, 2024

**Abstract**

The study focusses on the core themes of the stories from *Jitauri Katha Sangrah* by storyteller Purna Oli are discussed. The collection includes a total of thirteen stories, and six of them—*Anshiar*, *Khajakharch*, *Mache Ankho*, *An Incompetent Warrior*, *Jitauri*, and *Keihaina*—have been explained in detail. This study identifies the issues highlighted in these stories.

The objective of this study is to analyze the stories based on their core themes. A descriptive method was used in this qualitative study, where the summaries of the stories were reviewed, and conclusions were drawn after analyzing their essence. The stories reveal several problems in Nepalalese society. These include issues of citizenship, the presence of human traffickers, the wrongful persecution of noble people, corruption, and the authoritarian behavior of men towards women due to conservative tradition. Additionally, qualified 98eoples in society are becoming ineffective, broker capitalism is leading to widespread incompetence, and Nepal's political system and leadership are often deceiving the people, public opinion, and constitutionalism.

Oli’s stories also highlight the weakening of Nepal's bureaucracy, the presence of fake behaviours in society, the suffering and warm love found in Nepali society, and the idea that abandoning revolution and hard work leads to loss in life. Furthermore, the stories touch on the growing influence of mafia and brokerage in the education sector, the unjust dismissal of honest employees based on suspicion, and the challenges faced by Nepali people in various aspects of life, including murder for money. Through these stories, Oli powerfully presents the essence of human settlements falling into the clutches of these problems.

*Key words:* Outlook, essence, truth, factuality, realism, ideology

# जितौरी कथासङ्ग्रहको सारवस्तु


**सार**

प्रस्तुत अध्ययनमा कथाकार पूर्ण ओलीको जितौरी कथासङ्ग्रहमा संकलित कथाहरूको सारवस्तुको चर्चा गरिएको छ । यस जितौरी कथासङ्ग्रहमा जम्मा तेह्रओटा कथाहरू संकलित गरिएका छन् । जसमध्ये छओटा कथाहरू अँशियार, खाजाखर्च, माछेआँखो, एउटा अयोग्य लडाकु, जितौरी र केइहैनाको सारवस्तुको विशद् व्याख्या गरिएको छ । यस अध्ययनमा कथाहरुको सारवस्तुको आधारमा के-कस्ता समस्याहरु रहेका छन् ? त्यसको पत्ता लगाएको छ । कथाहरुको सारवस्तुको आधारमा कथाहरुको विश्लेषण गर्नु यस अध्ययनको उद्धेश्य हो । गुणात्मक ढाँचामा रहेको यस अध्ययनमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने कथाहरुको सारवस्तुको विश्लेषणको माध्यमबाट समीक्षा गरी कथाहरुको सारवस्तुको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । कथाहरू मार्फत नेपाली समाजमा नागरिकताको समस्या रहेको, मानव तस्करहरूको हालीमुहाली रहेको, सज्जन मान्छेहरूलाई झुट्टा मुद्धा लगाएर गाउँबाटै पलायन गराउने, कर्मचारी प्रशासनमा भ्रष्टचारको सेटिङ विचित्र खालको रहेको, परम्परागत मूल्य र मान्यताहरूले जरो गाडेकाले महिलाहरू माथि पुरुषहरूले हैकमवादी चरित्र प्रदर्शन गरिरहेको,आज समाजमा योग्य मान्छेहरू अयोग्य हुँदै गएको, दलाल पुँजिवादले सबैलाई अयोग्य बनाउँदै लगेको, नेपालको राजनैतिक प्रणाली र त्यसको नेतृत्वले समयसमयमा जनता, जनमत र संविधानवादमा हाकाहाकी जुवाखेली रहेको वास्तविकता, नेपालको कर्मचारीतन्त्र आफ्नो कर्ममा कमजोर बन्दै गएको, समाजमा नक्कली मान्छेहरूको विगविगी रहेको, नेपाली समाजमा अध्ययनका क्रममा पाएको सास्ती, जनताको न्यानो माया र क्रान्तिकारितालाई छोडेमा र श्रमबाट टाढा रहेमा जीवनमा नोक्सानी मात्रै हुन्छ भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ ।  शिक्षा क्षेत्रमा व्यापक माफियाकरण र दलालीकरण बढदै गएको, अरुले सुनाएका कुरा र विषयका आधारमा शङ्काकै भरमा इमान्दार कर्मचारीहरूलाई बर्खास्त गर्न हाकिमहरू लागेको, सत्यता पहुँच र सोर्सका आधारमा कर्मचारीहरूलाई दबाव दिएर सरुवा गर्ने, विभिन्न घुम्तिहरूमा नेपालीहरूले कठिनता र जटिलता भोगिरहेको एवम् पैसाकै लागि मृत्युवरण समेत गर्ने विषयले समस्याको चंगुलमा मानव वस्तीहरू फस्दै गएको सारलाई कथाहरूमार्फत सशक्त रूपमा ओलीले प्रस्तुत गरेका छन् ।


***प्रमुख शब्दावली*** : जीवनदृष्टि, मूलभाव, सत्यता, तथ्यपरकता, यथार्थता, वैचारिकता

**पृष्ठभूमि**

कथाकार पूर्ण ओलीद्वारा रचित जितौरी कथासङग्रह (२०७७) मा प्रकाशित प्रथम कथासङग्रह हो । यस कथासङग्रहमा तेह्रओटा कथाहरू संकलित छन् । जसमध्ये छओटा कथाहरू अँशियार, खाजाखर्च, माछेआँखो, एउटा अयोग्य लडाकु, जितौरी र केइहैनाको सारवस्तुको चर्चा गरिएको छ । निजामति कर्मचारी रहेका ओलीले मूलतः आफ्ना कथाहरूमा नेपालको कर्मचारीतन्त्रमा देखिएका तथ्यपरक सन्दर्भहरूलाई उठाएको देखिन्छ । कर्मचारीतन्त्रको बढुवा प्रणाली, खाजा खर्च, वेथिति, विसङ्गति विकृतिको सतस्विर उतार्ने काम गरेका छन् । कर्मशील अनुभवहरूलाई समसामयिक ढंगले प्रस्तुत गरेर स्तरीय र गुणात्मक कथाहरू लेखी सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग समेत गरेका छन् । उनका कथाहरूमा विषयवस्तुगत सान्दर्भिकता, समसामयिक परिवेशको जीवनतता, भाषाशैलीगत मौलिक सहजता, पात्र/चरित्रको उचित प्रयोग एवम् पात्रको मनोदशा, घात प्रतिघात र सामाजिक प्राणीको रूपमा चित्रण गरेको देखिन्छ । कथाको उद्देश्य एवम् प्रयोजन, समकालीन नेपालको कर्मचारीतन्त्रभित्र देखिएका समस्याहरू, समाजका विद्यमान विकृति एवंम् विसङ्गतिहरू, शैक्षिक क्षेत्रमा भएका माफियाकरण र दलालीकरण, कलियुगका नक्कली मान्छेहरूको कर्म, हाकिमहरूले तल्लोस्तरको कर्मचारीमाथि गरिएको विभेदपूर्ण असङ्गति तथा बढुवा प्रणालीमा रहेको चाकडी र चाप्लुसीपूर्ण सिस्टम, परम्परागत मूल्य र मान्यताहरूले समाजका अंशियारहरूले व्यहोर्नु परेको जटिलता, पैसाका लागि मृत्युवरण गर्न तयार हुने नेपाली संस्कृतिको यथार्थता । तथ्य, सत्यता, यथार्थतालाई अनुभव र अनुभूतिको वास्तविकतामा ढालेर कलापूर्ण ढङ्गबाट युगीन परिवेशमा ओलीले सारवस्तुमा आधारित जीवनदृष्टिलाई समेत ख्याल गरी कथाहरूको संरचना गरेको देखिन्छ । नेपालीहरूले भोगेका, देखेका र सुनेका दुःख एव्म पीडामा आधारित कथाहरू लेख्दै समकालीन नेपाली समाजमा देखापरेका विकृति, विसङ्गति र अत्याचारलाई दुरुष्त उतार्ने काम गरेका छन् । यस अध्ययनमा कथाकार ओलीका कथाहरूको सारवस्तुको विश्लेषण, कथाहरूको भाव, सत्यता, यथार्थता, तथ्यपरकताहरू के कस्ता रहेका छन् भनेर समस्याको अध्ययनमा केन्द्रित रहेको छ ।

**समस्या कथन**

कथाकार पूर्ण ओलीका कथामा के-कस्तो सारवस्तु छ ? सारवस्तुका आधारमा कथाहरूको जीवनदृष्टि, भाव, तथ्य, सत्यता, यथार्थता र वैचारिकता के- कस्ता छन् भन्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

**उद्देश्य**

पूर्ण ओलीका कथामा रहेको सारवस्तुलाई अध्ययन गर्नु र सारवस्तुका आधारमा ओलीका कथाको विश्लेषण गर्नु यस अध्ययनका उद्देश्यहरू रहेका छन् ।

**विधि**

जितौरी कथासङ्ग्रहमा रहेका कथाहरूको सारवस्तुको विश्लेषणको माध्यमबाट समीक्षा गरिएको छ । व्याख्याका रूपमा कथाकारका छओटा कथाहरूको सारवस्तुको अध्ययन गरी विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । गुणात्मक ढाँचामा रहेको प्रस्तुत अध्ययन विश्लेषणात्मक प्रकृतिको छ । तथ्याङ्क संकलनको लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ भने प्राथामिक स्रोतका रूपमा पूर्ण ओलीका कथालाई लिएको छ । द्वितीय स्रोतका रूपमा सम्वन्धित सन्दर्भपुस्तक विभिन्न पत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख र शोधपत्रहरूलाई उपयोग गरिएको छ । ओलीको जितौरी कथासङ्ग्रहमा रहेका जम्मा तेह्रओटा कथाहरूमध्ये छओटा कथाहरूको सारवस्तुको मात्र अध्ययन विश्लेषण गरिएको छ ।

**पूर्ण ओलीका कथाहरूको सारवस्तुको विश्लेषण**

कथाकार पूर्ण ओलीको जितौरी कथासङ्ग्रह (२०७७) प्रथम कथासङ्ग्रह हो । यस कथा सङ्ग्रहमा तेह्रओटा कथाहरू संकलित रहेका छन् । यस अध्ययनमा तेह्रओटा कथाहरू मध्ये छओटा कथाहरूको सारवस्तुको विस्तृत अध्ययन गरिएको छ ।

**सारवस्तुको सैद्धान्तिक परिचय**

निश्चित प्रकारको संरचनामा निबद्ध र सीमित आयतनभरिको समय र स्थानभित्र विस्तारित विचार वा भावाभिव्यञ्जक सङ्क्षिप्त आख्यानात्मक गद्यरूपलाई कथा भनिन्छ ।  कथासँग मानव जातिको सहज स्वाभाविक आकर्षक निबद्ध छ । आदिम अवस्थादेखि नै मानिसले यस चक्रको प्रयोग गर्दै आफ्नो प्रयोजनसिद्धि गर्दै आएको छ । यस विधाले विश्वजनीन लोकप्रियता प्राप्त गरेको छ । नेपाली भाषाको पहिलो कथात्मक कृति शक्तिवल्लभ अर्ज्यालको महाभारत विराट्पर्व देखिन आएको छ । कथाको विकासमा १९५८ देखि प्रकाशित हुन थालेको गोरखापत्रको विशिष्ट योगदान रहेको देखिन्छ । नेपाली कथामा आधुनिक कालको प्रारम्भ गुरूप्रसाद मैनालीको

नासो कथाबाट भएको हो । विभिन्न धारा र उपधाराहरू हुँदै नेपाली कथाहरूको विकास तिव्र रूपमा भएको देखिन्छ । (श्रेष्ठ र शर्मा :२०६१ नेपाली साहित्यको सङ्क्षिप्त इतिहास) । कथाकार पूर्ण ओलीका जितौरी कथासङ्ग्रहमा रहेका कथाहरू आधुनिक एव्म समसामयिक विशेषताहरूामा आधारित देखिन्छन् । कथामा सारवस्तु अर्थात उद्धेश्यलाई महत्वपूर्ण उपकरणको रूपमा हेरिन्छ । यसलाई वैचारिक पक्ष, उद्धेश्य मूलभाव,जीवनदृष्टिको यथार्थवादी सारको रूपमा मानिएको छ । जसमा कथाको सारवस्तु उद्धेश्य मूलभाव, जीवनदृष्टि, तथ्यपरकता, सत्यता, यथार्थताको विश्‌द खोजी हुने गर्दछ । यसलाई कथाको सारवस्तुको रूपमा पनि लिने गरिन्छ ।

कथा पढीसकेपछि प्राप्त गरिने सन्देश वा अभिप्रायलाई सारवस्तु भनिन्छ । सारवस्तु विनाको कुनै कृति हुँदैन । प्रत्येक कृतिमा केहीन केही कुनै न कुनै तथ्य, सत्य, यथार्थता, उदे्श्य, भाव जीवनदृष्टि वैचारिकता हुन्छ जसलाई नै समग्रमा सारवस्तु भनिन्छ । कथाको उद्धेश्य वा परिणति पनि सारवस्तु हो । कथामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहने भाव वा विचारको माध्यमवाट कथानकको ढाँचा तयार गरिएको हुन्छ । त्यही विचार वा भावबाट नै कथाको सौन्दर्य तत्व प्रकट भएको हुन्छ । जसलाई हामी सारवस्तु भन्दछौ । कथामा सारवस्तु कथाकारले अभिधात्मक स्तरमा, अन्योक्तिमूलक वा प्रतीकात्मक स्तरमा अभिव्यक्त गर्न सक्छ । कथावस्तुमा निहित सारवस्तुले मानवीय जनजीवनका उकाली ओराली विविध पक्षलाई जिवन्त रूपमा बहन गरी सामाजिक संरचनालाई गतिशिल र परिष्कार गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ, त्यसैले कथामा सारवस्तुको स्थान गरिमामय रहेको हुन्छ । (भण्डारी, पारशमणि र अन्य, २०६४, पृ. ११) कथाकारले विभिन्न कोण र सन्दर्भबाट कथाहरूको सारवस्तुको छलफल समेत गराएका छन् ।

**अंशियार कथाको सारवस्तु**

यस कथामा जागिरे जीवनका वास्तविक अनुभूतिहरूलाई सचित्र विश्लेषण गरिएको पाइन्छ । आफ्नै जिल्लामा रहँदा सगैं काम गरेका एकजना घनिष्ट मित्रलाई रत्नपार्कमा देखेपछि उनलाई भेट्‌टाउन आकाशे पुलको सिढी चढेपनि भेट्टयाउन नसकेको सत्यतालाई प्रस्तुत गरिएको छ ॥ घटनाको एक हप्ता पछि अफिसको कामले ब्रदिवास पुगेको वेला झ्यालबाट बाहिर हेर्दा हरिजस्तै व्यक्तिलाई देखेको र फुटपाथकोसार्की पसलमा बसेर च्यातिएका जुत्ता/चप्पल सिलाइ रहेको घटनाले अभाव र गरिबीमा बाँच्न विवश हरिको जीवनचर्यालाई प्रतिनिधि

घटना बनाएर उनको नवीन कहानीलाई स- विस्तार विश्लेषण गरेको देखिन्छ । म पात्र हरिको नजिकै गएर आज यतै बसौला भन्दै आफू बसेको होटेलमा लिएर गएको दृश्य कौतूहलतापूर्ण देखिन्छ । अख्तियारले मेरो जागिर खायो भन्दै गहभरी आँशु बनाएको दृश्य कारुणिकता र छटपटिले वेचयन भएको सत्यता प्रकट भएको देखिन्छ । दुश्मन हात धुएर लागेपछि गाउँ छोडन् बाध्यता भएको विचार हरिले व्यक्त गर्नुले अनुहारमा विषादका रेखाहरू देखिएको महसुस हुन्थ्यो भने शोकले आहालमा रहेको भाव प्रष्टै देखिन्थ्यो । मुद्दाको तारिख थाम्न काठमाडौ गएको बेला देख्नुभयो होला, आफन्तसँग देखिन पनि शरम लाग्ने भएकोले हजुरलाई नदेखेको जस्तै गरेको भन्नुले ग्रामिणवस्तीका सोझा मान्छेहरू अन्याय र अत्याचार पर्दा सम्म समेत वास्तविकता नबताउने र लज्जाउने गरेको यथार्थतालाई देखाउन खोजिएको छ ।

सन्जयले धुतराष्ट्रलाई महाभारतको युद्धको जानकारी गराए जस्तै हरिले म पात्रलाई व्यथा र कथा कहेपछि उनको बारेमा विस्तृत जानकारी लिएपछि नागरिकलाई नागरिकता दिएर हस्ताक्षर गर्न खोज्दा खबरदार नागरिकतामा सही गरेमा अख्तियारमा जार्नुपर्ला भनेर खवरदारी स्वर कानमा परेपछि तर्सिएको घटनाले नागरिकता दिने र लिने नेपालको ठूलो समस्या रहेको वास्तविकतालाई व्यक्त गर्न खोजिएको छ । तिम्रो नागरिकता आज बन्दैन, सदरमुकाम तिरै गएको वेला बनाउला भन्दा आँखामा तरक्कै आँसु निकाल्नुले एकातिर पिडा भएको र अर्कोतिर नागरिकता प्राप्त नगर्नुले उसमाथि अन्याय भएको महशुस भएको तथ्य जगजाहेर नै थियो । मिजासिलो भाषामा भोली हेरौला भन्दा सचिवले हप्काएको दूश्य तल्लो तहका कर्मचारीहरूमा दम्भ र अहंकार रहेको र अनुशासन नभएको सत्यतालाई प्रस्तुत गरिएको छ । नागरिकताको प्रमाण- पत्र बनाउँदा गाविसको सिफारिस, गाउँलेहरूको सर्जमिन मुचुल्का, प्रहरी, रिर्पोट, बाबु वाजेको नागरिकता चाहिने कानुनी प्रक्रियालाई व्यक्त गर्नुले होसियारी पूर्वक नागरिकता वितरण गरिनुपर्छ भन्ने विचारलाई प्रस्तुत गरिएको छ । अरुको फाइल सकेसम्म प्रक्रिया हेरिरहेको त थिए यति हुँदाहुँदै पनि प्रक्रियामा कतै नचिप्लिएको हुँला भन्न सकिदैनन्थ्यो भन्नुले काम गर्दा कहिले काही विग्रन पनि सक्छ, तर त्यसको वास्तविकता खोज्नु अनिवार्य पर्छ भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ । कामगर्दा सवै कर्मचारीहरू संग समन्वय गर्नुपर्ने तथ्यलाई व्यक्त गरिएको छ ।प्रदिप जस्ता कर्मचारीको मनोविज्ञान बुझेर वास्तविकता पत्ता लगाई बाँकीकाम र प्रक्रिया खोज्ने हाकिमको चलाखीपनलाई सबैले अनुसरण गर्न सकेमा पाएको जिम्मेवारी पूरा हुनसक्छ भन्ने वैचारिक पक्षलाई अभिव्यक्त

गरिएको छ। दादागिरी र दम्भका अगाडी गणेश जस्ता निरीह व्यक्तिले नागरिकता प्राप्त गर्न नसकेको र वास्तविकता नै नबुझी उसलाई नागरिकताबाट वञ्चित गराउन पछि नपर्ने, गा.वि.स सचिवहरूको कालो कर्तुलाई समेत प्रदाफास गरिएको छ। घुम्ती शिविरबाटै प्रक्रिया पूरा गरेको व्यक्तिलाई नागरिकता नदिनु हाकिमको समेत कमजोरी हुने भएकोले उक्तपक्षलाई समेत केलाएर देवबहादुर, जङ्गबहादुर, देवबहादुरकी स्वास्नी, गणेशकुमारको विषयमा यथार्थ बुझी वंशको आधारमा गणेशलाई नागरिकता दिनु न्यायपूर्ण हुने हाकिमको निष्कर्षलाई प्रशासनिक क्षमता र गुण भएको भाव प्रस्तुत भएको छ। गलत मान्छेको दृष्टिकोणलाई परास्त गर्न राज्यका संयन्त्रहरूको प्रभावकारी प्रयोग गर्नुपर्छ भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ। हाकिमले प्रहरी बोलाएर राङसीबाट देवबहादुरको स्वास्नीलाई बोलाउनु, प्रदिप, जंगबहादुर र देवबहादुरको स्वानीको यथार्थ बयान सुनेपछि सबै प्रक्रिया पुरा गरी न्यायको पक्षमा काम गर्नु हाकिमको दायित्व र सुशासनको प्रत्याभूति भएको वास्तविकतालाई व्यक्त गरिएको छ। कुमारको दादागिरी र दम्भबाट नडराई भएरहित वातावरणमा काम गर्न खोज्दा कुमार र उसका गुण्डाहरूलाई प्रहरी चौकीमा थुनेर भएपनि गणेशलाई वंशजको आधारमा नागरिकता प्रदान गर्नु सत्यको जित एकदिन भएरै छोडछ भन्ने वैचारिकतालाई अभिव्यक्त गरिएको छ। कुमारको पक्षमा लागेर केही सचिवहरूले भ्रष्ट्राचारमा लिप्त भई काम नगरेको वास्तविकता पत्ता लागेपछि जिल्लाबाटै उनीहरूलाई निलम्बनमा राखी नागरिकताको काम गर्नुले न्यायको कुनैपनि हालतमा मृत्यु नहुनेतर्फ सङ्केत गरिएको छ। ग्रामिण वस्तीमा व्याप्त गरिबी, अभाव, थिचोमिचो,मानव तस्करहरूले महिलाहरूलाई दिएको पीडा, भ्रष्ट्राचार अनियमितता, कोठीको दर्दनाक एवंम घृणास्पद नियति बेहोर्न बाध्य भएको तथ्य, बुबाको छोरा हुँदापनि नागरिकता नभएर अंशियार हुन नपाएको कहालीलाग्दो परिदृश्यहरू यस कथाका सारवस्तु हुन। कुमार थुनामुक्त भएको दुई महिना नपुग्दै त्यही नागरिकताको मुद्धा चलाएर हरिलाई निलम्बन गरिएको, विना आधार नागरिकताको प्रमाणपत्र दिएको आरोप लगाई झुट्टामुद्धा लगाएको वास्तविकताले नियमसंगत काम गर्दा पनि त्यसलाई उल्टयाउन खोज्ने र सोझा सिधा कर्मचारीहरूलाई फसाउन खोज्ने नियति नेपालको प्रशासनिक अदूरदर्शिता र राजनैतिक बेइमानी भएको सत्यतालाई प्रस्तुत गरिएको छ। मुद्धा जित्न कुमार जस्ता मान्छेले जङ्गबहादुर र देवबहादुरको स्वास्नीको हत्या गरेको आशंका गर्नुले बोलवाला र दादावादका अगाडि कहिलेकाही हत्या गरेकोले  कहिलेकाही न्याय पनि मर्न सक्ने कटु यथार्थतालाई प्रस्तुत कथा मार्फत व्यक्त गरिएको छ।

जंगबहादुर र देवबहादुरको स्वास्नी यदि जिवित भएको भएपनि उनीहरूलाई काठमाडौँसम्म ल्याएर अदालतमा उभ्याई बयान गराउन समेत नसक्ने वास्तविकता एकातिर रहन सक्छ भने अर्कोतिर उनीहरू कुमारको दवावमा पर्न सक्छन् भन्नुले आकाशको फल आँखा तरीमर भनेजस्तै सोझा जनताहरूले न्याय पाउन जटिल भएको भावलाई व्यक्त गर्न खोजिएको छ । अर्कोतिर मुद्धा पर्न बितिकै कायरता देखाई गाउँमा मुख देखाउन लाजमान्ने, थातवास छोडेरै विरक्तिएर पलायन हुनुले मुद्धा कमजोर हुन सक्ने भएकोले मर्नुभन्दा पहिला खुट्टा तान्नु हुँदैन भने वैचारिक र दार्शनिक तथ्यलाई समेत प्रस्तुत गरिएको छ । गाउँमा भ्रष्ट्राचार बढेको मान्छेहरू दादाबादमा फसेको, महल ठड्याएकाहरूले सहरमा छोरा, छोरी, बुहारी, सासु, सालीको नाममा स्थिर सम्पत्ति जोडेको हरेक स्कुल, अस्पताल, वित्तिय संस्थाहरूमा उनीहरूकै शेयर रहेको र दलिमली गरेको,सातपुस्ता पुग्ने पैसा कमाएको विदेशमा छोराछोरी पढाइरहेको तथ्य हरिले बताउँदा ग्रामिण तस्विर बोलेको देखिन्छ भने हरिजस्ता मान्छेहरूको गाउँबाट पलायन भएको कारुणिक तथा साँच्चिकै दर्दनाक घटना भएको यथार्थतालाई प्रस्तुत गरिएको छ । हरिजस्ता मान्छे जो निर्दोष थिए उनले सुकुम्बासी वस्ती खोज्नु र हाकिम साव केही नबोल्नु एकातिर विडम्वना हो भने अर्कोतिर हरिले आँसुको भूमरीमा नुहाएको जस्तो हृदयविदारक परिस्थिति अभिव्यक्त भएको तथ्यलाई व्यक्त गरिएको पाइन्छ ।

मूलतः यस कथा मार्फत, नागरिकताको समस्या, नागरिकता पाउनुपर्ने व्यक्तिले नागरिकता नपाएको परिदृश्य, ग्रामिण वस्तीमा रहेको भ्रष्टाचार, कुशासन, दादावाद, मानव तस्करहरूको हालीमुहाली, सज्जन मान्छेहरूलाई झुट्टामुद्धा लगाएर गाउँबाटै पलायन गराउने अमान्छेहरूको ढलीमली, समस्याबाट नभाग्ने हाकिमसावको दृढ इच्छाशक्ति र कर्तव्य अंशियार कथाको सारवस्तु हो ।

**'खाजा खर्च' कथाको सारवस्तु**

काम गर्ने एकजना केटाले जगतसरसँग सर अलिकति खाजा खर्च दिनुन भनेसँगै कथाको प्रारम्भ भएको छ । जो पायो त्यहीबाट खाजा खर्च माग्नु हुँदैन काम लगाएको साहुवाट मात्रै माग्नुपर्छ भन्ने सत्यलाई प्रस्तुत गरिएको छ । तिमीसँग कामगर्ने अर्को केटोलाई पहिल्यै खाजा खर्च दिएर मागेकोले काम समेत नगरेको तथ्यलाई व्यक्त गरिएको छ । जिल्ला निमार्ण कार्यालय रोल्पाको आठ परिवार वस्न मिल्ने पुरानो सरकारी क्वाटर मध्ये दुई कोठे क्वाटरमा जगतप्रसादका लोग्ने स्वास्नी वस्ने र उक्त घरलाई रङरोगन गर्ने कार्यक्रम भएपनि एक महिना

वितिसक्दा काम नै सुरु नभएकाले निर्माणको काम हुने ढिला सुस्ती जहाँतही रहेको वास्तविकतालाई व्यक्त गरिएको छ । खाजा खर्च माग्ने केटाको सवै दर्द थाहा पाइ सकेपछि सुब्बा जगतले आफ्नो खल्तीबाट दुई सय रूपैयाँ तानेर दिएको र साहुले काम गरेको पैसा दिन बित्तिकै तिर्न आउनु भन्नुले गरिब र अभावमा बाँचेको मान्छेलाई सेवा गर्नु सकारात्मक भएको काम गर्दा पनि कामदारलाई समय मै काम गरेको ज्याला नदिनु, काम लगाउनु साहुहरूको ठूलो बदमासी भएको विचारलाई प्रस्तुत गरिएको छ । जगतले ओभरसियर विनोदसँग साहुको नम्वर मागी आफूवाट पैसा लिएको केटालाई फोन त लाग्यो तर फोन स्विचअफ भएको र स्वास्नीले लोकसेवाको गाइड किनेर पढन खोजेको विषय जगतले सम्झन्छ । त्यो पैसा आएको भए गाइड किनिदिने हुन्थ्यो भन्दै मनमनै सोचेको छ । त्यही विषयमा दुई जना विच झगडा समेत भएको देखिन्छ । बजारमा साहु भेटी, जगतलाई देखेपछि साहु भाग्न खोजेको र भेटाएर काम गर्ने केटाहरूले खाजा खर्च मागेर हैरान वनाए भन्दै ठेकेदारले नदिएकोले मैले दिन नसकेको वास्तविकता साहुले बताएको देखिन्छ । यो विषय प्रसङबाट साहुको समेत कमजोरी नभएको पोल खुल्छ । अफिसमा रनिङ बिलको भुक्तानी लिन आएको बेला ठेकेदारको पछि लागेर लिए हुन्छ भनेर जगतले उपाय सुझाउँछ,तर ठेकेदार साहै बदमास भएको, सबैलाई फसाइरहेको, कतिलाई त सिस्टमले कामनगरेको, अफिसमा विभागमा र मन्त्रालयलाई समेत भाग लगाएपछि बजेट फुकुवा हुने कुरा साहुले बताउनुले नेपालका तालुक अड्डाहरू नै भ्रष्ट्राचारका खम्बा भएको तथ्यलाई प्रस्तुत गर्न खोजिएको छ । केटाले पैसा फिर्ता गऱ्यो भने स्वास्नीको कचकच कम हुने ठानेको छ ? तर त्यो पैसा फिर्ता हुन असम्भव भएको र त्यो भित्र ठुलो षड्यन्त्र छ भन्ने विषय जगतलाई समेत थाहा नहुनुले सोझा कर्मचारीहरूले दुःख पाइरहने र षड्यन्त्रको जालमा परिरहने कटु सत्यलाई अभिव्यक्त गर्न खोजिएको छ । ओभरसियर विनोदले साहुको र ठेकेदारको नम्वर माग्दै हिडनुभएको छ, किन चाहियो फोन भनेर जगतलाई भन्छ र इञ्जिनियर विमलवाट फोन लिनु भन्नुले षड्यन्त्रको गन्ध एकातिर देखिन्छ भने अर्कोतिर जगतले उक्त विषयलाई गहिरो गरी बोध गर्न नसकेको, सो विषय नेपालको कर्मचारी प्रशासनको नियति नै भएको छद्मभेष हो भन्ने सङ्केत देखिन्छ । विमलसँग सन्दिप ठेकेदारको फोनमाग्दा विमल र जगतको झन्डै हातहालाहाल हुनुले कामको डिजाइन र प्रविधिको विषय उठनुले कमिसनको खेल भएको तथ्य प्रष्टै देखिन्छ । तर आफ्नो दुई सय रूपैयाँ कै पछि लागेको जगतलाई यी सवै विषय पत्तो नै नभएको वास्तविकतालाई कथामार्फत व्यक्त गरिएको छ । कुनै षड्यन्त्र वा कमिसनको खेल नभए ठेकेदार सन्दिपको फोन

हैन भनेर पनि त विमलले भन्न सक्थे, जगतको पाखुरा समाउँदै आफ्नो अफिसबाट बाहिर निकाल्ने र वोली नै बार्नु पर्दैन्थ्यो होला । यति कुरा पनि जगतले बुझ्न नसक्नु उसको सोझोपन नै भएको यथार्थलाई देखाउन खोजिएको छ । असार महिना सकिएको खाजा खर्च सापटी लिने केटो र अरु तीनचार जना केटाहरू साहुबाट सुक्को पैसा नपाएको गुनासो गदै बिदावारी भएको र रङरोगनकार्यको कार्य सम्पन्न प्रतिवेदन शतप्रतिशत प्रगति प्रतिवेदन तयार भएर एकसाता भित्रै जगतको फाँटमा आएकोले उसले पनि चलानी गरेर तालुक निकायमा पठाउनुले काम नै नगरी काम गरेको प्रतिवेदन तयार गर्ने नेपालको असारे विकासको सन्दर्भलाई प्रस्तुत गरिएको देखिन्छ । हाकिमको व्यवस्ताले लामो समयसम्म स्टाफ मिटिङ नभएकोले जगतले आफ्नो विषय राख्न नपाएको र स्टाफ मिटिङ्ग भएपछि उल्टो जगतलाई विमल लगायत कार्यालयका अन्य कर्मचारीहरूले भए नभए कुरा लगाउदै गएको सन्देशलाई हेर्दा पानी माथिको ओभानो हुन कोशिस गरिएको देखिन्छ । विमल लगायतका गलत मान्छेहरूको सौतेनी जस्तो व्यवहार जगत जस्ता इमान्दार कर्मचारीहरूको लागि हरिविजोग भएको तथ्यलाई प्रस्तुत गरिएको छ । अफिसको वातावरण विर्गानमा जगतको नै कमजोरी रहेको अन्य कर्मचारीहरूलाई सुनाउने र निजी क्वाटरमै गएर जगत र उसको स्वास्नी लाई हातपात समेत गर्नुले विमल जस्ता खराव कर्मचारी तथा प्राविधिकले देशको विकासलाई पछाडी धकेलिरहेको वास्तविकतालाई देखाइएको छ । जगत निरास भएर आफ्नो तालुक मन्त्रालयमा गुनासो राख्न काठमाडौ गएको ,उल्टै विधान सरले तिम्रो नै गल्ती भएको विचार राख्नुले भ्रष्ट्राचारीको सञ्जाल तलदेखि माथिसम्म उस्तै भएको विचार व्यक्त भएको देखिन्छ । आफनो कुनै गल्ती नभएको कुरा समेत राख्दा उल्टै प्राविधिकहरू र निर्माण व्यवसायहरूलाई धम्काउदै हिड्ने, तँ भनेर अपशब्द समेत राख्नुले वास्तविकता नबुझी हचुवाको भरमा निमार्ण गर्ने तालुक निकायका हाकिमहरूको नक्कली सिस्टमलाई उदाङ्गो बनाएको देखिन्छ । जागिर समेत खुस्काइदिने प्रसङगले त झन कर्मचारीतन्त्रमा विधि पद्धति कमजोर भएको वास्तविकताको खुलासा भएको देखिन्छ । कुनै कमजोरी नगर्दा पनि जगतले आइन्दा यसो नगर्ने भन्दै जागिर जोगाइदिन आग्रह गरेको, साहुले भनेको सिस्टम बल्ल वुझ्न थालेको भन्दै घाइते सर्प जस्तै लखराउँदै तालुक निकायबाट निस्कनुले इमान्दार मान्छेको लागि न्याय समेत मरेको भान हुन्छ । ओराली लागेको हरिणलाई बाच्छाले समेत लखेट्छ भने झै कमलाले काम नलाग्ने निम्छरो, पानीआन्द्रे, हुतिहारा भनेर जगतलाई बेसरी हिर्काएको देखिन्छ । अफिसको तनावले घरपरिवारमा समेत तनाव दिन्छ भन्ने यथार्थलाई प्रस्तुत गर्न खोजिएको देखिन्छ ।

क्रान्तिमा हजारौँ राष्ट्रभक्त सपुतहरूले रगत बगाए बापत मुलुकहरूले शान्ति पाएको, प्रसाशनिक र राजनैतिक राष्ट्र सेवकहरूले एक तह बढुवा पाएको नेपालले बढुवा पाएर नयाँ नेपालको निमार्ण मन्त्रालयमा नयाँ मन्त्री रामराजा चौधरी र अर्थमन्त्रालयमा विधान सरको नियुक्ति भएको प्रसङगले जतिसुकै परिवर्तन भएपनि जगतले वास्तविक अधिकार नपााएको , फटाह र छुल्याहरूको हातमा राज्य सत्ता रहेको सत्यतालाई प्रस्तुत गरिएको छ । भ्रष्ट्राचारलाई देखिनसहने रामराजा चौधरी निमार्ण सम्पन्न अदालतको भवन उद्घाटनको लागि रोल्पा आएको, खाजा खर्च अतिथि सत्कारको लागि ठेकेदारहरूलाई हारगुहार गरिएको, रोल्पाको ए वान होटेलमा मध्यपान सहित स्वागतले आफ्ना काला कर्तुतहरू ढाकछोप गर्न र गलत ठाउँमा मन्त्रीलाई समेत प्रयोग गर्न नेपालको कर्मचारीतन्त्रमा रहेको तथ्य उद्घाटन भएको देखिन्छ । निमार्ण कार्यको निरीक्षण गराउने तर गुण स्तरीयता नजाँच्ने र इमानदार कर्मचारीहरूलाई पखलास भन्ने मन्त्रीबाट देश विकास संभव नहुने बिचारलाई समेत प्रस्तुत गरिएको छ ।

ठेकेदारहरूको षड्यन्त्रमूलक चंगुलमा मन्त्रालयको मन्त्री नै फस्नुले तालुक निकायहरूको कार्यशैलीमा जनताले आवाज उठाउनु स्वाभाविक भएको यथार्थलाई प्रस्तुत गरिएको छ । जनताको काममा इमान्दारीतापूर्वक लाग्नेलाई पुरस्कृत गरिनेछ र गलत काम गर्नेलाई सजायको भागिदार गराइनेछ  भन्ने मन्त्रीको आश्वासन झुटो हुदै गएको सत्यतालाई उजागर गरिएको छ,।कर्मचारीतन्त्रमै रिसेटिङ्ग छ भन्ने वुझ्न नसक्नु अदुरदर्शिता भएको स्वतः प्रमाणित हुन्छ । मन्त्रीको निरीक्षणको एक हप्ता पछि जगतको सहकारी कार्यालयमा सरुवा हुनुले कर्मचारीतन्त्रको रिसेटिङ्ग खतरनाक भएको तथ्य एकातिर खुल्छ भने इमान्दार र सज्जन कर्मचारीहरू ओझेलमा परेको भाव प्रस्तुत हुन्छ । राम्रो ठाउँमा सरुवा र बढुवा हुन संगठनलाई पैसा खुवाउनुपर्ने, नेतालाई गुहार्नुपर्ने र कर्मचारीलाई घुस दिनुपर्ने रहस्यात्मक तथ्यलाई यस कथा मार्फत व्यक्त गरिएको छ । जगतको अर्को कार्यालयमा सरुवा भएको कारण कमल र जगत विच पारिवारिक द्वन्द्व चर्किदै जान्छ । अप्ठयारोमा सहयोग गर्ने मान्छे कोही नहुने तथ्य यहाँनेर प्रस्तुत भएको देखिन्छ । क्वाटर छोड्नु पूर्व जगतले विमललाई बोलाई नखाएको बिषपनि लाग्दो रहिछ भनेर आँशु चुहायो । विमलले ठेकेदार सन्दिपलाई बोलाइ सिस्टमको कुरा झिकेर चियोचर्चो गर्ने जगतलाई ठेगान लगाउने र सरकार बाहिरको विषय अरुले समेत नगर्ने गरी पाठ सिक्नु भन्नुले फटाहाहरूको भ्रष्ट्राचारको कथित सञ्जाल डरलाग्दो भएको तथ्य खुलाउन खोजिएको छ । जगत यस्तो मान्छे हो भनी सरुवा भएको

कार्यालयमा फोन गरी सबैलाई सर्तक गराएको कार्यालयका कर्मचारीहरूले कागजपत्रहरू ऊ देखि जोगाएर राख्नु , अनुगमन शाखाको जिम्मेवारी तोक्नु तर काम गर्न नदिनुले सुशासनको भऱ्याङ कमजोर भएको वास्तविकतालाई देखाइएको छ। लोकसेवाका गाइड र किताबहरू पनि नक्कली भएको र पैसामुखी व्यापारका लागि भएको तथ्य कमलाको लोकसेवा अध्ययनको विषयले समेत प्रष्ट पारेको देखिन्छ। किताब र गाइडहरूले होइन मिहिनेतले लोकसेवा उत्तीर्ण गर्न सकिन्छ भन्ने यथार्थतालाई यहाँनेर प्रस्तुत गर्न खोजेको देखिन्छ।

सहकारी संस्था दर्ताका लागि टिप्पणी पेश गर्नलाई जगतप्रसादले आदेश गरेको, उनले बडो जाँगर सहित टिप्पणी उठाउँदै कार्यालय प्रमुख समक्ष पेश गरिरहेको वेला खाजा खर्च सापटी माग्ने केटोलाई देखेर केटोले दुई सय रूपैयाँ झिक्दै सर खाजा खर्च भनेर दियो। जगत खुसी हुँदै पैसा समाउन मात्र के पाएका थिए अख्तियारका कर्मचारीहरूलाई समाइ घुस मागेको भनेर जेल हाल्नुले सोझो र इमान्दार कर्मचारीलाई कसरी फसाइन्छ ? अख्तियारको नक्कली सुशासनको समेत पर्दाफास भएको सन्देशलाई व्यक्त गरिएको छ। विमल र ठेकेदार खुसी हुनु ,विमल अख्तियारको कर्मचारी हुनु संयोग नभई जगतलाई जसरी पनि फसाउने नियतले काम गरेको देखिन्छ। जागिर निलम्बनमा परेपछि र नजरबन्दमा रहेपछि जगतले वकिल समेत नपाउनु अदालत सुरुमा उक्त दुई सय रूपैयाँ सापटी दिएको केटोले सरवाट मैले सापटी लिएको भनेर बयान दिएता पनि दोस्रो बयानमा बयान फेरी मबाट हाकाहाकी जगतले पैसा मागेका हुन् भनेर भन्दा जगत पाँच वर्ष जेल वस्नुले जगतको न्यायप्रति जनताहरू विश्वस्त हुन नसकेको यथार्थता देखाएको छ भने बदमास र फटाहरूको जालमा असल मान्छेहरू उम्कन सक्दैनन् भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ। जगत जेलमा परेपछि कमलाले खाजा पसल थापेको, लोकसेवा्का गाइड आगोमा हालेको प्रसङ्गबाट दाउरा समेत सकिएकाले पुस्तक जलाएको भन्नुले अक्षरको दोष नभएको बरु अक्षर खेलाउने र रातो कलम चलाउनेहरूको दोष भएको वास्तविकतालाई व्यक्त गरिएको छ। अक्षर खेलाउने बदमासहरूलाई आगो लगाइदिनु न्यायोचित भएको सत्यतालाई विचारको दर्शनले समेत लेप लगाउन खोजिएको छ।

यसरी खाजा खर्चको सापटीले निम्त्याएको विषयले नेपालमा के कसरी भ्रष्ट्राचार हुन्छ, इमान्दार निष्ठा र सत्यतापूर्वक कर्म गर्ने कर्मचारीहरूको अख्तियारले कसरी आँखा लगाउँछ, प्राविधिक र ठेकेदारहरूका काला कर्तुतहरूको सञ्जाल कति बलियो हुन्छ, कर्मचारी प्रशासनमा भ्रष्ट्राचारको सेटिङ्ग कस्तो हुन्छ, मुख्य तालुक

निकायका प्रमुखहरू समेत उनीहरूको सञ्जालमा के कसरी पर्छन् भन्ने वैचारिक तथ्यलाई प्रस्तुत गरी कर्मचारीतन्त्रबाटै देशको विकास निर्माण तहसनहस भएको वास्तविक जिवन्त रिर्पोटिङ्ग प्रस्तुत कथामार्फत व्यक्त गरिएको छ ।

**'माछेआँखो' कथाको सारवस्तु**

जेठमासको घामको धुपले गरिब र अभावको विचारमा बाँच्न विवश खेती किसानी गरेर जीविकोपार्जन गर्ने एउटा किसानको प्रतिनिधि जीवनशैलीलाई व्यक्त गरिएको छ । छाप्रो भन्न सुहाउने एकतले घर छ । घरमा एउटा खिडकी छ, जुन मान्छे भित्र बाहिर गर्दा खोलिन्छ, अर्को अलि ठुलो ढोका छ जुन डिङगाबाच्छा भित्रबाहिर पार्दा मात्र खोलिन्छ । झ्यालमुनिका चारओटा खोपाहरूले निभाइरहेको देखिन्छ भन्नुले गरिबको घर उसको जीवनशैली कति दयनीय छ भन्ने भावलाई झल्काउन खोजिएको छ । गरिबहरूले कैयौं हिउँद बर्खाहरू अध्याँरोमा नै बिताएको सत्य घटनालाई अभिव्यक्त गरिएको छ । ऊ पात्रको घरपरिवारभित्रको जीवनशैली गोवरमा चिप्लिएर डिङाबाच्छा बाँध्ने, किलामा बजारिएको अवस्था कुनामा गुडिल्किएर निदाएका छोरीहरू, केराका पातमा मुछिएको पिठो , कामको राप र तापले थकित शरीर, सुल्पामा भरिएको कक्कड, झाँक्री बसे जस्तो भएको शरीर, कक्कडको धुवाँको मुस्लो खादै पिएर दुईचार ढिका नुनसँग ज्यानमारो खुर्सानी कुटेर खाएको दृश्य भित्र कारुणिकता र भावविह्वलता हेर्न लायक र बुझ्न लायक भएको सत्यलाई प्रस्तुत गरिएको छ । प्युँसाहरूसँग मुकाबिला गर्दै शरीरमा भएका घाउहरू गन्दै बसेको जीवनदर्शन अत्यास लाग्दो र पट्यारलाग्दो भएको विचारलाई प्रस्तुत गर्न खोजिएको छ । पहिलो घाउको आकृति माछाको आँखा जस्तो भएको जुन कर्केटोले पोल्दा-पोल्दा उसिनिएको आँखा झैं कुरूप भएको तथ्यलाई व्यक्त गरिएको छ । सबैभन्दा ठूलो घाउ बनेर बल्झिएकी थिई पटाउकीको ठूली छोरी, जसको १२/१३ वर्षकै कलिलो उमेरमा बिहे भएको र प्रसववेदना सहन नसकीमृत्यु भयो भनेर भनिएको देखिन्छ । प्रसव व्यथामा छट्पटाएकी ठूली छोरीलाई मन्नगे दाइजो नल्याएको भनेर घर पट्टिको परिवारले घाँटी थिची मारेको प्रसङ्गले नेपाली समाजमा दाइजोको कारण कैयौ नारीहरूले अकालमा ज्यानगुमाउनु परेको तथ्यलाई व्यक्त गरिएको छ । गरिबहरूको एउटा घाउ सन्चो नहुँदै अर्को घाउको समस्याको मुकाबिला गर्नुपर्ने कटु यथार्थलाई अभिव्यक्त गरिएको छ । कान्छी छोरी जो दुध चुस्दाचुस्दै उसकी आमालाई छोडेर परमधाम पुगेको, गाउँकै हाडनातापर्ने एक बदमासले उसलाई बलत्कार गरी मारेको, न्याय माग्दा एक हजार रूपैयाँमा मिलापत्र गराएको,

पछि त्यही केटाले गाउँका अन्य केटीहरूलाई समेत बलात्कार गरेका घटनाले समाजमा भएका बेथितिहरूको डरलाग्दो चित्र देखिन्छ, भने गरिबका लागि यो एक अर्को घाउ बनेर बल्भिएको वास्तविकतालाई देखाइएको छ। पटाउकीका जेठो र कान्छो छोरा विचका दुई कलिला छोराहरू जीवितै भएपनि भोकले रुदारुँदै निदाएको,उनीहरू आमाको घाउ पुर्न पर्याप्त भएपनि त्यसो नभई काँडा जतिकै घोच्ने भएका बाबुले छोरा चाहियो भन्दै माग राख्ने र छोरा नभए अर्को बिहे गर्ने धम्की दिनुले घाउहरू सन्चो होइन झन बल्भिदै गएको तथ्यलाई प्रस्तुत गरिएको छ। बाँचेका छोराहरूको पिडाले आँशु खसाल्दै कर्केटोले घाउहरू सेक्नुबाहेक ऊसँग कुनै विकल्प नभएको तथ्यले गरिबहरू माथि एकपछि अर्को पीडा निरन्तर आइरहन्छ भन्ने पीडालाई प्रस्तुत गरिएको छ। व्यवस्थामा परिवर्तन भएपनि संस्कार र व्यवहारमा कुनै पनि परिवर्तन नआएको यथार्थलाई खाली बहुदललाई समेत भिरबाट खसाल्दा गन्तन्त्र आएको धेरै भइसकेको भएपनि उल्लेख्य परिवर्तन नभएको र दुखीहरू कटेरोबाट निस्कन नसकेको तथ्यलाई व्यक्त गरिएको छ। गणतन्त्रभित्र पनि शंका र निराशाको बादल मडारिरहेको यथार्थलाई व्यक्त गरिएको छ। गणतन्त्र शिशु अवस्थामा छ। ११/१२ वर्षसम्म पनि शिशु अवस्थामा नै छ, त भन्नुले दुखका दिन बल्ल सुरु भएको बुहारीको व्याख्याले ऊ झनै भयभित भएको देखिन्छ।

गणतन्त्र पछि राम्रो संस्कार आउछ भन्नुले सुखको सास फेरेपनि सरकारसँग अत्याचार, अनैतिकता, हत्या, अपराध, बलात्कार, भ्रष्ट्राचार जन्य घाउहरू बल्भदै गएको तथ्यलाई व्यक्त गरिएको छ। गाउँमा मोटर, बिजुली, पानी, फेसन, सुविधा र विलासिताका वस्तुहरू आए, गैरीखेतमा महलहरू बने, खाली खुट्टा हिड्नेहरू चिल्लो सडकमा हुइकिन थाले तर उसको कटेरोमा ती सवै पुगेनन् बरु उसलाई सरकारी अभिलेखमा अपाङ्ग राखी अपाङ्ग भत्ता दिने बनाएको छ। जुन भत्ता पनि लोग्ने जाँड खाएर क्षणभरमै सकेर पुराना घाउहरूलाई सम्झाइ दिन्छ भन्नुले गरिबका बस्तीहरूमा वास्तविक गणतन्त्र नआएको र विकृति र विसंगतिहरूले डेरा जमाउदै गएको तथ्यलाई प्रस्तुत गरिएको छ। पटाउकीको बुबा आफ्नो घर आएको बेला पैतलाको मेरो घाउ हिड्दा रुख चढ्दा, ढिकी कुट्दा, धान मिर्दा दुख्छ दाइहरू जतिकै सक्षम बनाएर बिहे गर्दिनुपर्ने भन्दा बुबाले छोरीले थुप्रै घाउहरू सहन सक्नुपर्छ, सहनै नसक्ने गरी दुख्यो भने कर्केटोले पोल्नुपर्छ भन्नुले छोरा र छोरीमा विभेद रहेको , छोरीलाई चेतना दिनुपर्छ भन्ने मान्यताको विकास नभएको र परम्परागत मूल्य मान्यता सिकाएर छोरीहरूका घाउहरूमा नुन छर्कने अभिभावकको पाखण्डीपनलाई व्यक्त गरिएको छ। घाउमा कर्केटो लगाउने ससुराको कुरा सुनेर खुसी

भई ज्वाईले एक वोतल ठर्रा चखाउनुले पुरुषवादी पृत्तिसतात्मक राज्यको झझलको दिएको छ, पटाउकीले कर्केटोले माछीआँखे घाउको करक त मार्थि , जसले गर्दाशरीर झयाङझङ भइसकेको, रौहरू झरिरहेको तर घाउ निको नहुनुले व्यथा र कथा कारुणिक हुँदै गाउँको यथार्थ मुखुण्डो उघारिएको छ भने मान्छेले मान्छेलाई गर्ने दानवीय व्यवहार प्रष्ट प्रदर्शन भएको छ । चुरीगाँठोको छेउटुप्पो नभएको, रौँहरू सबै झरेको, गाउँका आइमाइहरूले पटाउकीलाई बोक्सीकै रूपमा हेर्न र कुरा गर्न थालेको, बाटोमा हिडन नदिने भनी सल्लाह गरेको प्रयोगले पटाउकीको घाउहरू बढदै गएको र समाज अराजकतातिर हामफाल्न गएको कटु यथार्थतालाई व्यक्त गरिएको छ । मोटो-मोटो दाउराहरू ल्याएर आगो दन्काउँदा डिङ्गाबाच्छाहरू, हुक्काँ, स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्न थालेको रक्सी पिएर लट्ठिएर सुतेको लोग्ने कराउन थालेको , तिखेले पटाउकीको घाउ चाटन थालेको सन्दर्भले घाउको करक मरेपनि पीडाको वास्तविक घाउ कहिल्यै सन्चो हुननसक्ने वास्तविकतालाई व्यक्त गरिएको छ । परम्परागत मूल्य मान्यताको अन्त्य नहुँदासम्म पटाउकी जस्ता गरिबहरू र अशिक्षितहरूले जीवनभर दुख पाइरहने विचारलाई व्यक्त गरिएको छ । पटाउकीलाई उसको बाबाले मुडुल्की र टोकेनी भनेर बोलाउनु अर्को घाउ थियो । भने छोरीको लागि बुबा असल अभिभावक हुन नसकेको तथ्यलाई उजागर गर्न खोजिएको देखिन्छ । आगो बाली दुवै खुट्टा आगोमा झोस्दै पुरै शरीर नाङ्गो बनाई घाउहरू सेक्न लाग्दा आगोको मुस्लो र धुवाँले पटाउकीको बुबा, लोग्ने र अन्य जडियाहरू ढनमुनिदै छट्पटाएको, डिङ्गगाबाच्छाहरू अँध्यारो कोठामा दौडन थालेको , मान्छेहरूको ऐया ऐया सुनेर छोरीहरू कराउन थालेको घटनाक्रमले उसको माछेआँखाको घाउ दुखाइ र पोलाइ बिर्सेर शीतल हुँदै गइरहेको परिदृश्यले जीवनका सवैसवै घाउहरूलाई अन्तिममा सबैका सामु सार्वजनिक गर्न खोजेको वैचारिकतालाई व्यक्त गर्न खोजेको देखिन्छ ।

गरिबी र अभावमा बाँच्न विवश मान्छेका घाउहरू समस्याहरू एकपछि अर्को हुँदै बल्झदै गएको परम्परागत मूल्य र मान्यताहरूले समाजमा जरो गाडेको,महिलाहरू माथि समाजमा पुरुषको हैकमवादी चरित्र उदाङ्गो रूपले प्रदशर्न भइराखेको, व्यवस्थाहरू परिवर्तन भएपनि संस्कार र चरित्रमा परिवर्तन नआएको , समाजमा विकृति र विसंगतिहरू मौलाउदै गएको, नारीहरूमा चेतनाको कमी भएको, जन्म दिएको बुबाबाट नै छोरीहरूमा विभेद गरिएको, विगतको आदत सत्तामा कुनै परिवर्तन नभएका, पटाउकीको कारुणिक दुःखको जीवन

दर्शनलाई नेपाली समाजको प्रतिनिधि घटना र समस्या भएको सारवस्तुलाई माछेआँखाको कथामार्फत व्यक्त गरिएको छ ।

**'एउटा अयोग्य लडाकु' कथाको सारवस्तु**

हरिमायाले आशारामतर्फ लक्षित गर्दै घरायसी काममा सिन्को नभाँचे पनि पकाएर ठिक्क पारिदिएको कुरा समयमै खाइदिए राम्रो र सन्तोष हुने थियो भन्नुले घरायसी व्यवहारमा पुरुषहरूले ख्याल मदत नगर्नु एक प्रकारको अयोग्यता नै भएको तथ्यलाई व्यक्त गरिएको छ । आशारामले विद्यालयको स्वर्ण वार्षिक उत्सवको उपलक्ष्यमा एउटा रचना दिन नसक्नु र त्यसैलाई लामो समयसम्म समस्याको रूपमा राखी छोराछोरी बिरामी भएको निहुँ बनाएर विद्यालयमा नजानु शैक्षिक क्षेत्रको एउटा अयोग्यता भएको विचारलाई प्रस्तुत गरिएको ,नेपाली भाषा शिक्षकले नेपाली भाषा र संस्कृतिको संरक्षण गर्नु सोही मुताविकको लेखरचनाहरू लेखी प्रकाशित गर्नु एउटा कर्तव्य पनि हो भने विद्यालयका प्रिन्सलबाट समेत आउँदा आशारामले हुन्छ हुन्छ भन्दै टार्दै जानु शिक्षकको आचारसंहिता विपरित कार्य भएको वास्तविकतालाई झल्काएको छ । राम्रो रचना रचनु चुनौतीपूर्ण भएको विद्यालयहरूमा पढ्दा गाएका माया प्रितिका गीत, गजल र कविता भूमिका बदलिएपछि स्तरीय लेखनमा ध्यान दिनुपर्छ र त्यो एउटा आर्दश नै भएको सत्यतालाई व्यक्त गर्न खोजिएको छ । स्कुल र घरको कामको चापले आशारामले कस्तो कृतिको सिर्जना गर्ने भन्ने समेत सोच्न नपाउनुले शैक्षिक क्षेत्रमा लागेका मानिसहरूमा कामको जिम्मेवारी भएको तथ्यलाई एकातिर व्यक्त गरेको देखिन्छ भने अर्कोतिर असफलताले अयोग्यताको प्रदर्शन समेत गर्दछ भन्ने दार्शनिक मान्यतालाई अभिव्यक्त गर्न खोजेको देखिन्छ । साथीभाइहरूले फोन गर्दा समेत आशारामले फोन स्विच अफ गर्छ । पस्किएको खाना घाँटीबाट छिराउन नसक्नु, जुठो हातले ट्राउजर र लोती छिनेका चप्पल लगाएर स्कुल जानु र गाडीमा बसेपछि मात्रै थाहपाउनु, स्कुल पुग्ने समय घर्की सकेको हुनु, प्रिन्सिपललाई फोन नगरी फेरी बच्चा बिरामी भएको बाहना गर्नु, आज स्कुल जसरी भएपनि आउनुपर्छ भनेर प्रिन्सिपलले भन्दा फोन स्विच अफ गर्नु, यस्तो व्यवहार शिक्षकको देखेपछि गाडीका यात्रीहरू गलगल हाँस्नु, रचनाका लागि भिमसर, सरोज सर, प्रतिक, गीता म्याडमका घर पुगी उनीहरूको अनुभव लिन खोज्नु, नेपाली विषयको तालिमको लागि मनोनयन नहुनु, सामाजिक शिक्षा र गणित शिक्षकहरूले पहुँचका आधारमा पटकपटक भ्रमण र तालिमको काज प्राप्त गर्नु र गणित शिक्षकले आशारामका भन्दा बढी सिर्जनाहरू रचेर पत्रपत्रिकामा प्रकाशन गर्नु सामाजिकको

विषय शिक्षक भ्रमणमा जानुपर्नेमा पहुँचको आधारमा गणित विषयका शिक्षक नै जानुले पवित्र शैक्षिक क्षेत्रमा समेत आशाराम जस्ता शिक्षकहरूले अयोग्यताको बिल्ला भिरिरहेको यथार्थतालाई समेत व्यक्त गरिएको छ भने आशाराम आफ्नै गरी कमाइले अयोग्यताको बिल्ला भिरेको तथ्य समेत उजागर भएको छ । महलहरू, उद्योगहरू, व्यवसाय, राजनैतिक प्रशासन र पेसा रातारात मालामाल हुनेहरूको कथाले भरिएको र त्यसलाई जित्नका लागि समाज, राजनैतिक, प्रशासन समेत दाहिने हुनुपर्छ भन्नुले समाजको वास्तविक नियतिलाई प्रस्तुत गरिएको छ भने संघर्ष अन्तिम विकल्प भएको सत्यताकोउद्घाटन गरिएको छ । लोकन्थली झर्नुपर्ने मान्छे सल्लाघारी पुगेको आशाराम कसैले गरेको फोनबाट आतिनु , फोन काटी स्विच अफ समेत गर्नुले स्मारिकामा आफ्नो रचना दिन नपाएपछि ठूलो उल्झनमा  रहेको मानसिक दबाव बढिरहेको तथ्यलाई प्रस्तुत गरिएको छ । आशाराम र शान्तवीर घनिष्ट सा्थी भएपनिसमय परिस्थितिले दुवैजना अयोग्य लडाकु जस्तै भएको विचारलाई प्रस्तुत गरिएको छ । शान्तवीर स्थायी जागिर छोडेर परिवर्तनकारी परिवर्तनमा भूमिगत रहुन्जेल योग्य कार्यकर्ता भएको तर शान्ति प्रक्रियामा आएपछि अयोग्य भएको तथ्यले माओवादीसेना समायोजनको वास्तविक प्रसङ्गलाई उठाउन खोजिएको देखिन्छ । अयोग्य लडाकु शान्तवीरको कथा लेखन आशाराम शान्तवीरलाई फोन लगाउँछ । कथा लेख्न सुरु गर्छ तर सक्दैन । पत्रपत्रिका र अनलाइनकाबाट थुप्रै सामाग्री प्राप्त गर्छ । त्यसमा पनि सन्तुष्टि प्राप्त नभएर शान्तवीर बाटै भनेका कुराहरू दिन्छ । जनताको अधिकारका लागि बलिदानको लागि तयार हुँदाका चुनौतीहरू क्रान्ति भित्रका त्रासदिहरू कयौं हप्तासम्म भोकभोकै रहेका घटनाहरू, शत्रु पक्षलाई झुकाएर बाँच्न सफल भएको र उल्टै शत्रुलाई एम्बुसमा पारेको उदाहरणहरू जुत्ता, चप्पल नलगाएरै लगातार महिनौंसम्म लेकबेसी हिडेका कथाहरू आखिर गणतन्त्र ल्याइरहेको सफलताको बावजुद जनताले वास्तविक स्वतन्त्रता प्राप्त गर्न नसकेको, सफलता र संघर्ष पछि विनाकारण अयोग्य लडाकुमा दर्ज हुन पुगेका तिता यथार्थताहरू व्यक्त गर्नुले माओवादी आन्दोलनमा भएका सत्यतालाई वैचारिक तवरले अभिव्यक्त गरिएको छ । आशाराम शान्तवीरलाई भेटेरै कथा लेख्ने निधो गरी गाउँतिर लागेको गाउँमा जाँदा शान्तिवीरलाई भेटन नसकेको आजभोलि उसको नाम विप्लव समेत राखिएको, कार्यक्रममा सहभागी भएको, कार्यक्रममा जनताहरू कम सहभागी भएको, उसको भाषण सुन्न मान्छेहरू लालायित नभएको, देश भड्कालोतिर गइराखेको, गौरवपूर्व इतिहास भुलिएको, स्वाभिमान मागिखाने भाँडो भएको, महत्वपूर्ण मुद्धामा सवै उदासिन हुदै गएको, आफ्नो स्वार्थमा ध्यान केन्द्रित भएको, हाम्रो सार्वजनिक सम्पत्तिप्रति

अपेक्षा गर्न लायक नभएको, सामूहिकता भन्दा व्यक्तिगत लाभहानीमा खुसी हुन थालेको आफ्नो घर त सफा राख्छौ तर सार्वजनिक बाटो र वातावरण फोहोर देखेपनि मतलव नगर्नु, अरुको आँखा छलेर सार्वजनिक जग्गामा फोहोर थुपाछौ, भ्रष्ट्राचार र घुसखोरी लेनदेन र विचौलिया प्रवृत्ति बढदै गएको, सेवा प्रदान गर्ने सार्वजनिक निकाय झुकिरहेको,पेशागत आचरण तथा आचारसंहितामा ह्रास आइरहेको, पेशागत इमान्दारिता र प्रतिवद्धताको अभाव रहित द्रुरूपयोग भइरहेको, चोरी डकैती अरुलाई दबाउने, हेप्ने डनवादी संस्कृति मौलाउदै गएको, पहिले सासु ससुराले बुहारीलाई दमन गर्थे अहिले छोरा बुहारीले सासु ससुरालाई बृद्धाश्रममा पुऱ्याउने गरेको, आर्थिक विभेद असमानता झनझन बढदै गएको, रातारात धनी हुन चोर बाटो हिडन हामी कसैलाई लाजश्रम नलागेको, शिक्षा पद्धतिमा धनी र गरिबको बढ्दै गएको खाडलले गर्दा सामाजिक वैमनस्यतामा वृद्धि भइरहेको छ । यी सबैको परिमाण एकदिन मुलुक नै असफल हुन्छ मुलुक दिनप्रतिदिन अयोग्य बन्दै गइरहँदा पनि हामी योग्य हुनुको अभिमान दम्भ अहंकार नपालौं, मुकदर्शक नबनौ, आफूलाई सुधारौं, अरुलाई सुधार्ने प्रयास गरौं, अहिलेबाट आफैबाट आफैलाई सुधार गर्न सुरुगरी हाल्ने भनेर विप्लवले भाषण गर्नुले नेपालको वर्तमान राजनैतिक परिदृष्यलाई सचित्र देखाउन खोजिएको छ । आज एकले अर्कोलाई नचिन्ने परिस्थितिको सिर्जना भएको छ । कार्यक्रमपश्चात् आशारामलाई शान्तवीर विप्लवले नचिन्नु त्यसको दृष्टान्त हो । विप्लवले आफू विप्लव नभएको मत झापातिरको मान्छे हुँ भन्नुले समाजवादी क्रान्तिमा धोका हुँदै गएको र हिजो क्रान्तिका ठूलाठूला गफ दिनेहरू पनि आज थाकेर लखतरान भएको वास्तविकतालाई प्रस्तुत गरिएको छ । लामो समय स्कुल नगएको आशाराम स्कुल पुग्दा विद्यालयमा जानकारी नदिइ अध्ययापन गर्नुपर्ने जिम्मेवारी बारम्वार उलङ्घन गरेको, एसइईमा नेपाली विषयमा धेरै कम प्रतिशत उत्तीर्ण भएको र शान्तवीर भगुवा जस्ता संघीयता विरोधीहरूसँग गहिरो साठगाँठ छ, उसैलाई भेटेर स्कुल छोडी गाउँसम्म पुगी गैरकानुनी राजनीतिमा लागेको अभियोग लगाएर निलम्बन गर्नुले समकालीन नेपालको राजनीतिक प्रभावले मान्छेहरू समय समयमा अयोग्य हुँदै गएको विचारलाई व्यक्त गर्न खोजिएको छ । आशारामले शान्तवीरको कथा लेखन सकेन समाजको एक अयोग्य लडाकुले अर्को योग्य लडाकुको कथा पूरा गर्न किमार्थ नसकेको बरु तिमी कता हो ? म पनि त्यही आउन चाहान्छु मलाई फुर्सद मिलिसक्यो म पनि तिम्रो बाटो पछ्याउन चाहान्छु भन्नुले राजनैतिक अस्थिरताले समाजका विशिष्ट मान्छेहरू अयोग्य हुदै गएको, दलाल पुँजीवादले जरागाड्न थालेको तर्क गर्न खोजेको छ । म अयोग्य भए भनेर नाम

परिवर्तन गरेको विप्लवलाई लेख्न खोजेको म्यासेज शान्तवीरलाई गएको थाहा पाएर म्यासेज सुर्धान खोज्नुले अर्को अयोग्यताको प्रमाण भेटिएको तथ्यलाई व्यक्त गरिएको छ ।

आज समाज अयोग्य हुँदै गएको, चेतनाले भरिपूर्ण शिक्षकहरू समेत अयोग्य हुन थालेको, समाजमा व्यक्त विकृति र विसंगतिहरू बढ्दै गएकोले नयाँ सिर्जना गर्ने वातावरण कमजोर हुँदै गएको, मान्छेहरू व्यक्तिगत स्वार्थमा केन्द्रित हुन थालेको र सामूहिकताले मृत्युवरण गरेको, दम्भ र अहंकारकारले अभिमानमा बाँचेकाहरूले राष्ट्रलाई पूर्ण असफल बनाउन थालेको, राजनैतिक अस्थिरता र जनमतको उलंघनले क्रान्ति गर्छु भन्नेहरू पनि निराश भएको, माओवादीहरू शान्तिपूर्ण आन्दोलनमा आएपछि सेना समायोजनमा अयोग्यताको विल्लाले लडाकुहरू अयोग्य हुनुपर्नका तथ्यपरकतालाई समकालीन राजनैतिक परिदृष्यको चित्रले स्पष्ट गरेको विचारलाई व्यक्त गरिएको छ । दलाल पुँजीवादले सबैलाई अयोग्य वनाएरै छोड्छु भन्ने सारवस्तुलाई व्यापक ढङ्गले उठाउन खोजेको देखिन्छ ।

**'जितौरी' कथाको सारवस्तु**

जिते अनायसै बाटोमा लत्रिएसँगै उसका मनमा अनेकौं कुराहरू खेलेसँगै कथा प्रारम्भ भएकोले रातीमा निद्रा नआएको दानापानी मुखमा हाल्न नसकेको, धडकधडी मात्र होइन लडुला जस्तो भएको बाहिर भुइँचालो आएको भन्दै मान्छेहरू दौडादौड गरिरहेको वास्तविक घटनालाई व्यक्त गरिएको छ । तास खेल्नेहरू तास जितेको या हारेको बेलाको जस्तो झगडा र आवाज सुन्नमा आएपनि त्यसो नभई भुँइचालोले सारा जमिन हल्लाएपछि हल्लाखल्ला बढेको कयौँ मान्छेहरू पुरिएको कयौँ मान्छेहरू उद्धार गर्न हिचकिचाएको तथ्यलाई व्यक्त गर्न खोजिएको छ । खटके भन्ने पात्र चौबिसै घण्टा जुवा खेलाइ रहन र जुवाखेलबाट पैसा सोहरिरहन भन्दै पुकारा गर्दै भुइँचालोभन्दा पनि ठूलाठूला भुइँचालाहरू जितेको कुरा बताउनुले मान्छेमा मानवियताको ह्रास तथा संवेदनशीलता कमजोर हुँदै गएको भाव झल्किएको छ । जितेलाई विपनाको संसार डरलाग्दो लाग्छ र कल्पनाको संसार नै प्यारो लाग्छ । कल्पनामा डुब्न र कल्पनामै रमाउन चाहान्छ भन्नुले मुर्खहरू सँधै सत्यताको संसारभन्दा बाहिर हुन्छन् भन्ने प्रमाण खोज्दै हिडेको समकालीन यर्थाथतालाई व्यक्त गरिएको छ । शिक्षा र चेतनाबाट मान्छे बञ्चित हुँदा समाजका गलत क्रियाकलापहरूमा मान्छे केन्द्रित भएको र आजकालको केटीहरूले रोजगार भएको सोझो र इमान्दार केटाहरु खोजेपनि पाउन मुस्किल भएको वास्तविकतालाई जितेको अभिव्यक्तिबाट स्पष्ट गर्न खोजिएको

छ । जुवा हार्दा जितेले बुढी आमा र मुनालाई दोष दिनुले आफूले गल्ती गर्ने दोषभरि अरुलाई दिने नेपाली समाजको संरचनागत नियतिलाई व्यक्त गरिएको छ । जितेले मुनालाई तिमी मलाई मन पराउँछयौ भन्दै मुनाले पहिले आफ्नो खुट्टामा उभेउन भन्नुले यही कुरा प्रष्ट हुन्छ , आफ्नो खुट्टामा उभिन प्रयास गरेको सहरमा त्यो सम्भावना छ कि भनेर गाउँ छोडेको शिलामणि जस्ता मतियारहरूले कुलतमा फसाएकोले साथ गुणसँगत हुन्छ भन्ने विचारलाई सङ्केत गरिएको छ । अपराधी र भ्रष्ट्राचारीहरू तथा सडकमा हिड्नेहरू सबै दुईओटामा नपर्ने भएकाले भाग्यको खेल होकि मैले पनि जुवा नजित्ने भन्दै आमाले जिते नाम राख्नु बेकार भएको भनेर आफूले आफैलाई उपहास गर्ने मान्छेहरूको समाजमा बिगबिगी छ भन्न खोजिएको छ । कसैले नजित्नु वा नहार्नु पनि एक प्रकारको जित वा सन्तोष भएको विचारलाई व्यक्त गर्नु जुवा जस्तो कुलत आदतले समाजमा मान्छेहरू टाढिदै गएको र प्रविधिले समेत गलत मान्छेहरूलाई बहिस्कृत गरेको कयौँ प्रमाणणहरू रहेको यथार्थतालाई व्यक्त गर्नु झन्डाले बाजी हार्नु देशको सार्वभौमिकता र अखण्डताले बाजी गरेको जस्तो भएको सत्यतालाई देखाउँनु हो । जागिर खाएर सेवा गर्नु जटिल भएको, जागिर खान घुसपिस र भनसुन अनिवार्य भएको तथा जागिर खानुपनि जुवा खेलेको जस्तै भएको विचारलाई अभिव्यक्त गरिएको छ । रातमाकेपीजस्तै पान र पिकेजस्तै इट, देवजस्तै चिड र पौडेलजस्तै सुरथ, झण्डापनि न अमेरिकन जस्तो न नचाइनिज जस्तो, बुर्का पनि नराजाको श्रीपेचजस्तो, नराष्ट्रपतिको बुर्काजस्तो, कता थाप्नु, कता नथाप्नु, भन्नुले नेपालको राजनैतिक घटनाक्रम र तिनका नेतृत्वले सारमा नेपाली जनतालाई जुवाजस्तै भुलभुलैयामा राखेर स्वाधिनतामा रोटी सेकी जुवा र कौडीको भाउमा अस्मिता बेचिरहेको यथार्थपक्षलाई अभिव्यक्त गरिएको छ । ज्योतिषहरूले नेताको दिनदशा हेर्न सकेको तर जनताको दशा हेर्न नसकेकोमा आपत्ति प्रकट गरिएको छ । आमाले बुहारी मात्रै होइन नाति पनातिसमेत पाउने थिइन भन्नुले पदीय जिम्मेवारी कानुन सम्मत पूरा गरे सबैले जयजयकार गर्ने र विधान बिर्सिए सबैले छि ! छि ! र दुर ! दुर ! गर्ने बुर्काको बिम्बात्मक स्वरूपको सहायताले स्पष्ट गर्न खोजेको देखिन्छ । दुईहजार बहतर बैशाख १२ र १३ गतेको प्रसङ्ग उठाउँदैती दिनहरूमा नेपालमा घटेका घटनालाई स्मरण गराउन खोजिएको छ । चिडिभनेको देउवा, देउवा भनेको तीन, यही तीनमा अगाडि प्रचण्ड जस्तो एकथपे तेह्र हुन्छ र तेह्र गर्न तीनबजे बाजी मार्न सक्ने राजनैतिक घटनालाई सङ्केत गरिएको छ । खेल हेर्न केपीले बोलाएको जुलुसजस्तो मान्छे आइरहेका हुन भन्नुले सरकारमा बसेर आन्दोलन गर्न तयार रहनु भने जस्तै हो भन्ने विचारलाई व्यक्त गरिएको छ

। चौबिस गते अघिसम्म मैले नजिते स्वतः हारिने प्रसङ्गले जुवा जित्ने आधार महिना गते र घडीको संयोग भएको तर्फ केन्द्रित गर्दै समय र परिस्थितिले साथ पनि दिनुपर्छ भन्ने सन्दर्भलाई उजागर गर्न खोजिएको छ।

राजनीतिमा जित हासिल नगर्नेहरू बिग्रिएको रेडियो जस्तै भएको तथ्यलाई सङ्केत गरिएको छ। मान्छेहरू प्रलयले भन्दा हावासरी फिजाइने समाचारले जीवनभर हारिरहेको तथ्यलाई व्यक्त गरिएको छ भने त्यस्तै गलत समाचार फिजाएर मानव बस्तीहरूमा त्रास ल्याउनेहरूले जिती रहेको तथ्यलाई व्यक्त गरिएको छ। जुवाको खाल छोडेर हिडनेहरू उद्धार गर्न गएन भनेर नभनी उद्धार गर्ने जानेहरू नै चोर भनेर समातिनु बेर छैन, नदुखेको टाउको डोरी लाएर किन दुखाउनु भन्नुले जुवाडेहरूको दुर्दशापूर्ण भष्मासुर प्रवृत्ति तर्फ सङ्केत गरिएको छ। अरुहरू घरबार तथा कामकाज छोडेर प्रलयबाट बाँच्नका लागि बाहिर बसेको मौका हेरी घरमा छिरेर हाकाहाकी चोरी गरेर चोरेको धनले महल बनाई अर्को भुइँचालो सम्मलाई बाँच्ने आशा देखाउनुले मानवताबादमा अर्को भुइँचालो सम्मलाई बाँच्ने आशा देखाउनुले मानवतावादमा खडेरी परेको जस्तो आभास हुन्छ। दुईहजार बहतर साल दुई महिना दुई गते कम्युनिष्टको रङजस्तो पानमा बाजी राखेको पानमा बाजी राखेको पानमा परेन तीनओटै झण्डा चितपरे मारी भन्दै बाजी थापेको सबै अरुको नै हुनुले जति गर्दा पनि जितौरी नहुने तथ्यलाई व्यक्त गरिएको छ। गलत काममा हातहाल्नु गोरु व्याउनु जस्तै भएको भाव झल्किएको देखिन्छ। दुईहजार बहतर साल दुई महिना सात गते मैले लङगुर बुर्जाको प्रत्येक चिन्हमा एकसय पचासका दरले बाजी थापे इँटमा दुई चिडमा एकचिन्ह पऱ्यो नौ सय पचास रूपैयाँ हालेको चारसय पचास आएकोमा जिते भन्दै बाहिर कराउँदा मेरो जितौरीमा सबैले हेपेको महसुस भयो भन्नुले घर्कीसकेको बेलाको जितको कुनै अर्थ नहुने विचारलाई प्रस्तुत गरिएको छ, बा सबथोक हारिसकेको जितको कुनै गुज्जायस नहुने भावव्यक्त भएको छ। जिते गाउँपुग्दा प्राणप्यारी मुना अर्केको पोइल हिडिसकेको, घरको नामोनिशान नभएको, आमा पुरिएर उपचारको क्रममा आफन्त नपाउँदा मृत्यु भएको घटनाले समय सबैभन्दा बलवान छ, समयसँग संगै हिड्न सकिएन भने सबै चिज गुमाउनुपर्ने विचारलाई व्यक्त गरिएको छ। बेहोस भएको खटकेले जितेलाई उठाउँदै जुवाको नराम्रा सबैथोक गुमेको, मेरो त झन सातजनाको परिवार एकैचिहान भएको तेह्रओटा गाईवस्तु पुरिएको तथा शिलामणि  भ्रष्ट्राचारको आरोपमा थुनामा परेको साततलेमहल  कमाएको, सबै धनसम्पति जफत भैसकेको घटनाक्रमले फकिरहरू जो कोहीको हालत यस्तै हुने विचारलाई देखाएको छ। खटकेले तँ र म बर्बाद भएकोले लङ्गुर बुर्जा खेलेर बसम् भन्दा आफ्नो घरको ठूलो

ढुङ्गो उचालेर जितेले हान्दा ऐया ! भन्न नपाई मऱ्यो भने मुना, आमा र शिलामणिलाई जितौरी दिने भनी राखेको पैसा च्यातचुत पारी सामान्य कर्तव्यबाट च्यूत भएको महसुस गरी आमा र मुनाप्रति घोर अपराध गरेको ठानी जीवनलाई थुक्क भनेर धिर्कानुले लगनपछिको पोते के काम, नेपालीको बुद्धि पिछे आताहे भन्ने दार्शनिक विचारलाई व्यक्त गरिएको छ ।

घटनाको संवादात्मक तारतम्यता, घटना प्रधान परिवेशको जिवन्तता, बिम्ब र प्रतीकको प्रयोग, शब्दचयनमा सन्तुलन, बेथिति, विकृति, विसङ्गतिलाई दुरुस्त प्रस्तुत, समयलाई समयमै चिन्न नसक्दाको परिणाम र त्यसले निम्त्याएको अपराध र हार, कर्तव्य विमुख हुँदा नतिजा, समय र परिस्थितिलाई आंकलन नगर्दाको परिमाण यस कथाका सशक्त सारवस्तु हुन भने समय सबैभन्दा बलवान भएको, समयसँगै विवेकका साथ हिड्यो भने जितौरी हुने नत्र सर्वनाश हुने अन्तिममा महाहार हुने राष्ट्रवादी दार्शनिक पक्षलाई गहनता र सरलतापूर्वक व्यक्त गरिएको छ । जुवा खेल्ने र जित्ने एउटा जितौरी हो भने अर्केले थाप्ने घटनाहरूले नेपालको राजनैतिक, सामाजिक, शैक्षिक, आर्थिक, व्यापारिक, सांस्कृतिक, प्रशासनिक लगायत अन्य विविध क्षेत्र अछुतो नरहेको तर्फ स्पष्ट सङ्केत गरिएको छ भने सबै क्षेत्र निकाय महाहारको चंगुलमा फसेको घाम जतिकै छलङ्ग छ । नेपालको राजनैतिक प्रणाली र त्यसको नेतृत्वले समय-समयमा जनता, जनमत र संविधानबादमा हाकाहाकी जुवा खेलिरहेको व्यङग्यपूर्ण कटु वास्तविकतालाई समेत व्यक्त गरिएको छ ।

**'केइहैना' कथाको सारवस्तु**

गाडीको खलासीले गाडीमा चढ्न थालेको एकफुच्चेलाई गाडीमा नचढ्न दिएको आदेश र केइहैना भन्ने जवाफबाट कथाको प्रारम्भ भएको छ भने म पात्र यो सबै हेरेर देखेर हरेक विषय प्रसङ्गहरूलाई अनुमान गरेको देखिन्छ । खलासीले साले यो तेरा बाउको सम्पत्ति हो, त्यसै कोच्चिन खोज्जस्, खुरुक्क निक्लिजा बाहिर भन्नुले खलासीको भाषिक लवज तथा शैलीलाई व्यक्त गर्न खोजेको छ भने गाडीमा रहेका अधिकाँश गाडी ड्राइभर, खलासी, कन्डक्टरहरू रफ भाषाको प्रयोग गर्छन भन्ने सत्यतालाई देखाउँन खोजिएको छ । म पात्रले नगर बसमा बसेर यो सबै हेरिरहेका छन् भने गोंगबु नयाँ बसपार्कबाट चक्रपथ परिक्रमाको लागि तम्तयार रहेको परिवेशीय घटनाक्रमलाई कथामार्फत यात्राको अनुभूतिलाई जिवन्तता दिन खोजेको देखिन्छ । गाडीमा यात्रा गर्दा यात्रुहरूले आरक्षण सिटहरूलाई ख्याल गरी यात्रा गर्नुपर्ने र नहेरी आरक्षण सिटमा बसेर यात्रा गर्दा अपमानित भइने र

यात्रीहरूले अनायासै हाँसोमा उडाउन सक्छन् भन्ने तथ्य प्रस्तुत भएको छ । हामीले कुनै पनि काम गर्दा सोचविचार गरेर गर्नुपर्छ भन्ने भावतर्फ सङ्केत गर्न खोजिएको छ । खलासी र केइहैनाविचको गाडीमा जुहारी निरन्तर चलिरहेको छ, केइहैना एउटा गन्तव्यविहीन यात्रीको भूमिकामा रहेको प्रष्ट देखिन्छ । उनीहरूको लवाइखवाइ उस्तै भएपनि खलासी गाडीको मालिक जस्तै भएर प्रस्तुत भइरहेको छ भने केइहैनालाई गाडीबाट बाहिर निकाल्न न्वारनको बल लगाइरहेको देखिन्छ । ए गधा ! मान्छे बोला, तेरा आँखा फुटेका छन् ? वरिपरिका मान्छे हेर यो बस छोडेर अर्कोतिर गइसके भनेर ड्राइभरले खलासीको सातो खानुले नेपालको यातायात क्षेत्रको भद्रगोल परिदृश्य र प्रवृत्ति एवम् नियतिलाई स्पष्टताका साथ देखाउन खोजिएको छ । गाडीवालाले यात्रीहरू कोचेको भैँ गर्ने र गाडीमा सवार यात्रीहरू समयमै गन्तव्यमा पुग्न नसक्नु र गाडीमा ठूलो दुःख र यातना पाउनुले नेपालको यातायात र सडक क्षेत्रमा विकृति र विसंगतिहरू यथावत रहेको र समस्याहरूलाई हलगर्न नसकिने परिस्थिति निमार्ण हुदै गएको यथार्थतालाई व्यक्त गरिसकेको छ । म पात्रले बोकेको फलफूलले दैनिक क्रियाकलापको चियो गर्न पछि लागेका हुन भन्नु र आफैँले बोकिदिए पनि आफैलाई भन गह्रौ भएको फलफूलका भोलाहरूको प्रसङ्गले यात्रामा भनै पीडा थपिएको र बिचबिचमा श्रीमतीको समान केही भयो कि भन्ने फोनले यात्रामा बोझ थप्ने र यो सवै नेपाली यात्रीहरूले भोग्नुपरेको मानसिक पीडा र दवाव भएको वास्तविकतालाई व्यक्त गरिएको छ । निमन्त्रणा कार्डको बाहिरी खाममा लेखिएको नासु पूर्णप्रसाद नामको कर्मचारीको कार्डले म पात्रको यात्रालाई थप तनावपूर्ण बनाएको बिचारलाई समेत प्रस्तुत गरिएको छ । हाकिमको बढुवा त्यो पनि सुरुमै गरिवी मन्त्रालयमा हुनु, गरिवीबाट एकैचोटी अर्थमा पुग्नुले पावर र पहुँचका आधारमा हाकिमहरू पदोन्नति हुने र तल्लो तहका कर्मचारीहरू उनीहरूको भोजमा सरिक हुने बढुवा भएकोमा बधाइ दिने र हाकिमसँग फोन भएको थियो आजभन्दा घरमा श्रीमती खुसी हुने र कोसेली टक्रयाउनु पर्छ भन्ने सन्दर्भलाई हेर्दा कमजोर कर्मचारीतन्त्र र गुलामी चाकडीको श्रृङखला डरलाग्दो भएको तथ्यलाई प्रस्तुत गरिएको छ । गुलामी र चाकडी गर्ने मान्छेहरूको समाजमा प्रगति हुँदै गएको तथ्य एकातिर छ भने अर्कोतर यो एक प्रकारको भ्रष्ट्राचारको उत्तम माध्यम भएको वैचारिकतालाई प्रस्तुत गरिएको छ । कर्मचारीतन्त्रमा घरका श्रीमतीहरूले श्रीमानलाई हाकिमसँग चाकडी गर्न लगाएको तथ्यलाई प्रस्तुत गरिएको छ । हाकिम समय र परिस्थितिले, प्रशासन सुधारको समस्या मानव अधिकारको सदस्य र रिटायर जीवनमा असल छिमेकी हुन सक्छ भन्दै श्रीमतीहरूले भन्दा पनि यस्ता विषयले

कयौँ श्रीमतीहरू टाढा पनि रहेको विचारलाई व्यक्त गरिएको छ। यस्ता सन्दर्भले असल राष्ट्र सेवकहरूको मन चसक्क घोच्ने कटु यर्थाथतालाई पनि अभिव्यक्त गर्न खोजिएको छ। प्रशासनको सुब्बा र योजनाको सुब्बाको हैसियत समान भएपनि राज्यले नै विभेद गरिरहेको र अन्यायमा परेको वास्तविकतालाई प्रस्तुत गरिएको छ। गलत बाटोमा लाग्ने निम्छरा कारिन्दाहरूचुहिने भाँडा जस्ता हुन मर्मत नगरे पुरै भान्सा बिर्गान सक्छन् भन्ने यथार्थता देखिन्छ। नेपालमा दायाँबायाँ गर्न नजान्ने कर्मचारीहरू हाकिमका लागि रछ्यानमा मिल्काएको फोहरजस्तै केइहैना भन्ने प्रवृत्तिबाट ग्रस्त भएको कामकारबाहीमा घुनकिरा भए जस्तै स्थिति रहेको तथ्यलाई दुरुस्त उतारिएको छ।

गाडीमा रहेको केइहैनाको दायाँ पट्टी एउटी आइमाई रुमालले नाक छोप्दै छ्या ! कस्तो कुहिएको सिनो जस्तो गन्हाको भनेकी छिन्, उक्त अभिव्यक्तिले मान्छेमा मानवता हराउँदै गएको, मान्छेले गरिबी अभाव र तनावमा बाँचेकाहरूलाई ओत समेत लाग्न नदिने कसम खाएको तथ्यलाई व्यक्त गरिएको छ। फुच्चेलाई तेरो नाम के हो ? भनेर सोध्दा केइहैना भन्नुले बाहिर केही नभएको चित्र सबै भएको जस्तो आदत एवम् प्रवृति र नेपाली समाजको आन्तरिक पीडामा बाँच्न विवश मान्छेहरूको कथा र व्यथालाई व्यक्त गरिएको छ अर्थात् केइहैना र हैनाले गरिबी मन्त्रालय वा अर्थमन्त्रालय अन्तर्गतका लक्षित वर्गको वंश बुझाउँदो हो भन्ने आँकलन समेत गरिएको छ। यात्रामा भाडाहरूको विषयमा यात्री र गाडीवाला बिच सँधै द्वन्द्व भइरहेको विषयले वैज्ञानिक भाडादर नभएको विचारलाई समेत व्यक्त गरिएको छ। भाडा मिलाउँला भन्दै गाडीमा कोच्ने र पछि आफू अनुकूलको बढी लिएको भाडामा विवाद भई कुटाकुट हुन थाल्दा गाडीवालाले निकाल्दै गाडीबाट फाल्दा एकजना विद्यार्थी जस्तो यात्री उठेर फुच्चेको पक्षमा वकालत गर्नुले विद्यार्थीहरू समेत अन्याय र अत्याचारको विरुद्धमा अग्रभागमा रहन्छन् भन्ने यथार्थतालाई देखाएको छ। यात्राकै क्रममा महाराजगञ्जमा पुग्दा र चक्रपथमा अफिसको गाडी रोकिएको र उनीहरूलाई देखेपछि म पात्र लुक्नुले उनीहरूसँग गुलामी गर्न नचाहेको र आफ्नै पौरखमा अनुशासन सहित बाँच्न चाहेको सत्यताको उद्घाटन गरिएको छ। महाराजगञ्जको चोकमा राजतन्त्र हटी सक्यो, लोकतन्त्र आइपुग्यो लोकतन्त्रमा झर्नेहरू झर्नोस्, गणतन्त्रमा पुग्नेहरू गाडीको सिटमा बसिराख्नुहोला भन्नुले राज्यव्यवस्थाका खलासीहरूले भेडा जस्ता जनतालाई कहाँबाट चढाउने र कहाँनेर झार्ने भनी सूचना गरिरहनुपर्ने र जनता फुच्चे यात्री जस्तै भाडा तिरेर पनि हाइसुक्य जीवनयात्रा गर्न नपाउने विसङ्गतिलाई देखाइएको छ। समय र परिस्थिति

ऋतुको चक्रजस्तै वसमा फुच्चे यात्रीसँग बसेको म बिचको दुरी जस्तै भएको विचार व्यक्त भएको छ। फुच्चे यात्री/केइहैनाले सुकेधारा, चाविल, गौसला, कोटेश्वर, खार्फू भनेर खलासी कराए जस्तै कराउनुले ऊ पनि खलासीको आवाजको तालिम लिइरहेको र भविष्यमा यस्तै काम गर्नुपर्छ भन्ने योजना बुनिरहेको अनुमानित आभास भइरहेको छ। हाकिमहरूको सरुवा हुनु भन्दा अगाडि हरेक सरुवामा भोजको परिमाण र गुणस्तरमा पनि वृद्धि हुदैजाने विषयमा व्यङ्ग्य गर्दै अफिसमा आएपछि भ्रष्टाचार निर्मूल गर्ने प्रतिवद्धता व्यक्त गर्न र आफूले थालेका सुधारका कामहरू एक महिना अगाडि नै तयार गर्न श्यामप्रसमाद जस्ता प्रतिनिधि पात्रलाई आदेश गर्ने र त्यस्ता व्यक्तिलाई मालदार अफिसमा सरुवा गर्न अनुमति दिने विषय नेपालको प्रशासनिक मामिलामा एक क्यान्सर भएको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ। सुकेधारा, चावहिल, गौशला कोटेश्वर वागमती नदीको पुलमाथि पुग्दा पुल देख्ने बित्तिकै केइहैना भक्कानिदै डाँको छोडेर रुन थाल्दा खलासी र ड्राइभर हाँसिरहेको, गाडीमा यात्रा गरिरहेको विद्यार्थीले उसको पीडामा आवाज उठाइरहेको र भाडादिँदा बाँकी रहेको पैसा दिलाउन मदत गर्नुले कतिपय यात्राको यात्रीहरू अन्यायको विरुद्धमा बोल्ने र मानवताको पक्षमा उभिने खालका हुन्छन् भन्ने भावलाई देखाउँन खोजिएको छ। बसमा रहेका सबै यात्री, ड्राइभर खलासीले गाडीबाट नझर्दासम्म साझा परिचय बनाउनु र कर्मचारी र हाकिमले खटाएको अफिसलाई पेवा ठानी सार्वजनिक सम्पतिमा ढलिमली गर्नु उस्तैउस्तै भएको विचार प्रस्तुत भएको छ। कोटेश्वरमापुगेपछि हाकिमलाई दिन लगिएको कोसेली लिने वा नलिने भन्ने विषयमा म पात्र अन्यौलमा रहनुले हाकिमलाई चाकडी गर्न नचाहेको श्रीमतीको प्रेसरमा चिटचिट पसिना आइरहेको भाव देखिन्छ। केइहैनाको आधा पैसा फिर्ता गराउन कोटेश्वर झर्दै गरेको विद्यार्थीले पैसा अरुलाई दिलाउन खलासीलाई भन्छ, फुच्चेलाई पनि पैसा माग्न बिर्सेलास् भन्छ। आफ्नो अहिलेसम्मको आधार गुम्न पुगेको ठानेर बर्र आँसु झार्नुले मान्छे आशै आशाको त्यान्द्रोमा बाँचेको हुन्छ तर त्यही त्यान्द्रो गुमेपनि निराशमा जीवन व्यतीत गर्न बाध्य हुन्छ भन्ने वास्तविकतालाई अभिव्यक्त गरिएको छ। गाडीको यात्रा र कर्मचारीको सरुवा र बढुवा अशोभनीय जस्तै भएको विचारलाई सशक्त रूपमा उठाउन खोजेको छ। हाकिमको भोजन एघार बजे निमन्त्रणा कार्डमा लेखिए पनि बाह्र बजेको देख्दा समयमै नपुग्नुको पछाडि गाडीको असंशोधनीयता नै भएको तथ्य देखिन्छ, भने हाकिमको भोजभन्दा केइहैनाको दुर्दशा देखेर म पात्र सोचमग्न भएको सङ्केत पटक-पटक भैरहेको देखिन्छ। कहाँ पुग्नु भयो ?भन्ने श्रीमतीको पटक-पटकको फोन, हाकिमको बाह्रै घन्टा श्यामप्रसादलाई फोन

आइरहेको होला भन्ने अनुमान र आफूलाई हाकिमको फोन नआएकोमा कुनै आपति नभएको बरु केइहैनाको जीवनदर्शन बुझ्नमै र अध्ययन गर्नामा नै रुचि भएको विचारले बौद्धिकता र मानवीयताको तालिम प्राप्त भई रहेको भाव एवम मनोदशा प्रकट भइरहेको देखिन्छ। स्वयम्भु पार गरेपछि पहिलेको ठाउँमा आएको म पात्र र केइहैना बिच कुराकानी हुन थालेको छ। सबै ठाउँको नाम थाहा नभएकोले मलाई हिजो ड्राइभरले निकाली दिएको कारण आज ठाउँ चिन्न गाडीमा बसेको तथ्य उसले खोल्छ, खलासी, कन्टयाक्टर हुँदै ड्राइभर वन्ने योजना सुनाउनुले केइहैनाको पीडा र क्रन्दन छताछुल्ल भएको देखिन्छ। आज कयौं मान्छेहरूका लागि पेट पाल्न र आमालाई खोज्न सकिने सजिलो उपाय खलासी नै हुनुपर्ने सन्दर्भले गरिबीको अभावले यस्तो भएको र बच्चाको मिहिनेत स्यालुट गर्न लायक भएको तर जागिरीको नामले धेरै सिक्ने चाहानाहरूबाट आफू नै विमुख भएको जस्तो जागिरे जिन्दगीको चर्चा समेत भएको पाइन्छ। खलासीले ड्राइभरलाई पैसाको बिटो बुझाउँदा र उसले जम्मा पचास रूपैयाँ मात्र पकेटमा राख्न पाउनुले माथिल्लो निकायबाट तल्लो निकायमा अत्याचारको श्रृङखलाहरू बढी रहेको आभास हुन्छ। स्वास्नीको फेरि फोन आएपछि मनमा लागि नलागि उठाउँछ र हत्तनपत्त श्यामप्रसादलाई सरुवा भएको होर ? भन्दा केइहैना भन्ने जवाफ दिदै फोन काट्नुले नेपालमा कयौं कर्मचारीहरूको हिड्दा हिड्दै खाँदाखाँदै सरुवा हुन सक्ने बेथिति रहेकोतर्फ सङ्केत गरिएको छ। म पात्र भोजमा समेत नजानु र भोजको मात्रै कल्पना गर्नु श्रीमतीले पठाएको कोशेलीहरू हाकिमलाई बुझाएको र हाकिम खुसी भएको कुरा श्रीमतीलाई सुनाउने र उनैले पठाएका फलफूलका सामग्री हुन भनेर अगाडि नै लिएका फलफूल फिर्ता गरी घर फर्कनुले नेपालका कतिपय कर्मचारीहरू अनुशासित चाकडी नगर्ने आफ्नै पौरख र मिहिनेतमा बाँच्ने पनि छन् भन्ने कटु यथार्थतालाई व्यक्त गरिएको छ। बहनाबाजी गर्ने र टन्न खाएर भोजबाट आएको छु भनेर भोकै सुत्ने कुरा श्रीमतीको आवाजमा ठोक्किए पछि केइहैना भन्दै टारेर बच्न खोज्नुले केइहैना प्रवृत्ति प्रत्येक नेपालीको आदतसत्ता भएको र त्यही केइहैना भित्र सम्पूर्णता भएको सारवस्तुलाई व्यक्त गरिएको छ। यसरी यस कथामार्फत नेपालको यातायात प्रणाली र कर्मचारीतन्त्रको प्रणाली असंशोधनीय रहेको, म पात्र र केइहैनाको जीवनदर्शन भोगाइको हिसावले समान रहेको, केइहैनाको कारुणिक जीवनदर्शनबाट सवैले शिक्षा लिनुपर्ने भाव व्यक्त भएको विषयलाई सारवस्तुको रूपमा व्यक्त गर्न खोजिएको छ।

**निष्कर्ष**

कथाकार पूर्ण ओलीद्धारा लिखित जितौरी कथासङ्ग्रहमा तेह्रओटा कथाहरू सङ्कलित छन् । जस मध्ये छओटा कथाहरूको सारवस्तुको अध्ययन गरिएको छ । अँशियार कथामा नेपालमा नागरिकताको समस्या व्यापक रहेको, खाजाखर्च कथामा निजामति कमचारीको खाजा खर्चमा व्यापक अनियमितता रहेको, इमान्दार कर्मचारीहरूमाथि मिथ्या आरोप लाग्ने गरेको, एउटा अयोग्य लडाकु कथामा मान्छेहरू दिनानुदिन अयोग्य बन्दै गएको, विकृति र विसंङ्गतिले समाज अस्तव्यस्त भएको, केइहैना भन्ने प्रवृतिले घातक तथा दुर्दशापूर्ण अवस्था निम्त्याएको, माछेआँखो कथामा ग्रामीण बस्ती वास्तवमै र्स्वगको टुक्रा भएको तर परम्परागत मूल्य र मान्यताले पटाउकी जस्ता प्रतिनिधि पात्रहरूले पाएको कारुणिक दुःखपूर्ण  विषयलाई समेत उठाएको छ ।  जितौरी कथामा खासमा जनताले जित्न नसकेको तथ्यलाई खास निष्कर्षको रूपमा लिएको छ । कथाहरू यथार्थपरक, वास्तविक, सत्यताको उदघाटन, कालजयी समसामयिक र जिवन्त परिवेशमा आधारित मूल्य र मान्यतामा केन्द्रित रहेका छन् ।

**सन्दर्भसामग्री सूची**

ओली, पूर्ण (२०७७). *जितौरी* कथासङ्ग्रह. भुँडी पुराण प्रकाशन ।

गौतम, देवीप्रसाद र कृष्णप्रसाद घिमिरे (२०४६) (सम्पा). *नेपाली कथा भाग ३.* साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०३९). *नेपाली साहित्यको इतिहास.* सङ्कल्प प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६१). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६५). *साहित्यको इतिहास.सिद्धान्त र सन्दर्भ* (तेस्रो संस्क.). पालुवा प्रकाशन ।